# स्थानीय राजपत्र

## बागचौर नगरपालिकाबाट प्रकाशित

**खण्डः ६ संख्या : १ मिति :२०७९।०४।०१ गते**

**भाग-१**

## बागचौर नगरपालिका

## बागचौर नगरपालिकाको आर्थिक ऐन, २०७९

*सभाबाट पारित मिति : २०७९/०३/३०*

**प्रस्तावना :** बागचौर नगरपालिकाको आर्थिक वर्ष २०७९/२०८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्ने, छुट दिने तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम बागचौर नगरपालिकाको नवौं नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “बागचौर नगरपालिकाको आर्थिक ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भए पश्चात मिति २०७९ श्रावण १ गते देखि बागचौर नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. सम्पत्ति करः** बागचौर नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूलउपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):** बागचौर नगरपालिका क्षेत्र भित्र अनुसूची २ बमोजिम भूमिकर (मालपोत) लगाईने र असूलउपर गरिनेछ ।

**४. घर वहाल करः** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घर जग्गा वहालकर लगाईने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** बागचौर नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाईने र असूलउपर गरिनेछ ।

**६. जडिबुटि , कवाडी , जीवजन्तु कर र कृषिजन्य कर :** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटि , कवाडी माल

र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड , सिङ जस्ता वस्तुको व्यावसायिक कारोबार गरे वापत र कृषिजन्य वस्तु निकासी गरेवापत अनुसूची ५ बमोजिमको कर लगाईने र असूलउपर गरिनेछ ।

७. **सवारी साधन करः** बागचौर नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** बागचौर नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** बागचौर नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल विटौरी शुल्कः** बागचौर नगरपालिका क्षेत्र भित्र आफूले निर्माण,रेखदेख वा संचालन गरेका अनुसूची ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा र ऐलानी जग्गामा बसोबास गर्ने व्यक्तिहरुबाट सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** बागचौर नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** बागचौर नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची ११ मा उल्लीखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१३. **बजार सरसफाई व्यवस्थापन सहयोग शुल्कः** बागचौर नगरपालिकाको क्षेत्रमा संचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको संचालनले बजार क्षेत्र अव्यवस्थित हुने भएकाले अनुसूची १२ मा उल्लेखित दरमा बजार सरसफाई व्यवस्थापन सहयोग शुल्क लगाउन सक्नेछ ।

१४. **कर छुटः** नीति, कार्यक्रम तथा बजेटमा व्यवस्था भए अनुरुप छुट र जरिवानाको व्यवस्था हुनेछ ।

**१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## आ.व. २०७९।०८० मा बागचौर नगरपालिका, सल्यानद्वारा लागु गरिने कर, दस्तुर, सेवा शुल्कको विवरण

## अनुसूचीहरु

## अनुसूची १

**सम्पत्ति कर**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | पक्की (ढलान) प्रति तला | प्रति वर्ष | ३००। |

## अनुसूची २

**भुमिकर खेत**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनि | २४ |
| २ | दोयम | प्रति रोपनि | २२ |
| ३ | सिम | प्रति रोपनि | २० |
| ४ | चाहार | प्रति रोपनि | १८ |

**भुमिकर पाखो**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | अब्बल | प्रति रोपनि | २० |
| २ | दोयम | प्रति रोपनि | १८ |
| ३ | सिम | प्रति रोपनि | १६ |
| ४ | चाहार | प्रति रोपनि | १४ |

## अनुसूची ३

**घर बहाल कर**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | नगरपालिकाक्षेत्र भित्रकोघर, पसल, गोदाम, टहरा, सेड, कारखाना, सवारी साधन, जग्गा वा पोखरी पुरै वा | प्रतिशत | १०% |

| | | | |
|---|---|---|---|
| | आंशिक रुपमा बहाल दिएकोमा सम्बन्धित घर जग्गा धनी बाट बहाल रकमको १० प्रतिशत बहाल कर लाग्ने छ । | | |

## अनुसूची ४

**व्यवसाय कर**

| सि.नं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| | **डिलर** | | |
| १. | मदिरा डिलर | प्रति डिलर | ८०००।- |
| २. | अन्य सबै किसिमका डिलर | प्रति डिलर | ३०००।- |
| | **मदिरा पसल** | | |
| १. | मदिरा पसल खुद्रा | प्रति पसल | २०००।- |
| | **सुनचाँदीका गहना पसल** | | |
| १. | सुनचाँदीका गहना निर्माण खरिद तथा विक्री गर्ने पसल | प्रति वर्ष | २०००।- |
| २. | सामान्य सुन चाँदी विक्रेता | प्रति वर्ष | १०००।- |
| | **वित्तिय सेवा** | | |
| १. | नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक क वर्गका बाणिज्य बैंकहरु | प्रति वर्ष | १५०००।- |
| २. | ख वर्गका विकास वैक | प्रति वर्ष | १००००।- |
| ३. | ग वर्गका विकास वैक | प्रति वर्ष | ८०००।- |
| ४. | घ वर्गका विकास वैक | प्रति वर्ष | ६०००।- |
| ५. | लघु वित्त विकास वैक | प्रति वर्ष | ६०००।- |
| ६. | मनि ट्रान्सफर | प्रति वर्ष | २०००।- |
| ७. | विमा कम्पनी | प्रति वर्ष | ५०००।- |
| ८. | सहकारी संस्था (बचत तथा | प्रति वर्ष | ५०००।- |

| | | | |
|---|---|---|---|
| | ऋण) | | |
| ९ | बचत तथा ऋण सहकारी बाहेकका सहकारी | प्रति वर्ष | २०००। |
| **पर्यटक आवास होटेल, रेष्टरा, सिसोर्ट ट्राभल्स, ग्लाईडिङ्ग वाटर ऱ्याफ्टीङ आदी उद्योग व्यवसाय** | | | |
| १. | प्रा.लि.भएका होटेल तथा रिसोर्ट | प्रति वर्ष | ५०००। |
| २. | हल सहित व्यवस्थित गेष्ट हावस | प्रति वर्ष | २०००। |
| ३. | साधारण होटल | प्रति वर्ष | १०००। |
| ४. | चिया नास्ता पसल<br>टहरा चिया नास्ता पसल | प्रति वर्ष<br>प्रति वर्ष | ५००।<br>२५०। |
| ५. | ट्राभल्स एजेन्सी शाखा तथा ग्लाईडिङ | प्रति वर्ष | १०००। |
| **मिठाई तथा भोजनालय** | | | |
| १. | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएका | प्रति वर्ष | १०००। |
| २. | साना मिष्ठान  पसल | प्रति वर्ष | ५००। |
| **मासु पसल** | | | |
| १. | सबै किसिमका मासु पसल | प्रति वर्ष | १०००।- |
| **स्वास्थ्य सेवा** | | | |
| १. | गैर सरकारी अस्पताल तथा पोलिक्निक (सम्पूर्ण सेवा प्रदान गर्ने)प्रा.लि. | प्रति वर्ष | ५०००।- |
| २. | क्लिनिक तथा ल्याव | प्रति वर्ष | २०००।- |
| ३. | मेडिकल पसल | प्रति वर्ष | १०००।- |
| **शिक्षा सेवा नीजि स्तर** | | | |
| १. | आधारभुत स्तरका विद्यालय(१-८) | प्रति वर्ष | ५०००।- |
| २. | मा.वि.स्तरका (९-१२) | प्रति वर्ष | ८०००।- |
| ३. | क्याम्पस स्तर/उच्च शिक्षा | प्रति वर्ष | १००००।- |

| | | | |
|---|---|---|---|
| ४. | शिशु कक्षा देखि केजी सम्म | प्रति वर्ष | २०००।- |
| ५. | कक्षा थप | प्रति कक्षा | २०००।- |
| **तालिम तथा अनुसन्धान केन्द्र** | | | |
| १. | डिप्लोमा प्राविधिक शिक्षण संस्था | प्रति विधा | ५०००।- |
| २. | टेक्नीकल इन्स्टीच्युट | प्रति विधा | ५०००।- |
| ३. | कम्प्युटर प्रशिक्षण केन्द्र | प्रति वर्ष | २०००।- |
| **विशेषज्ञ परामर्श तथा अन्य यवसायिक सेवा** | | | |
| १. | चिकित्सक | प्रति वर्ष | १०००। |
| २. | कविराज वैद्य | प्रति वर्ष | १०००। |
| ३. | कानुन व्यवसायी | प्रति वर्ष | १०००। |
| ४. | लेखापरिक्षक घ वर्ग | प्रति वर्ष | १०००। |
| ५. | दन्त चिकित्सक | प्रति वर्ष | १०००। |
| ६. | अनुसन्धान कर्ता र परामर्शदाता (नक्सा डिजाइनर) | प्रति वर्ष | १०००। |
| ७. | कम्प्युटर एनालिस्ट र प्रोग्राम | प्रति वर्ष | १०००। |
| ८. | विमा एजेन्ट | प्रति वर्ष | १०००। |
| ९. | सर्भेएर | प्रति वर्ष | १०००। |
| १०. | अनुवादक | प्रति वर्ष | ५००। |
| ११. | पशु चिकित्सक | प्रति वर्ष | १०००। |
| १२. | सामान ढुवानी कर्ता तथा कम्पनी | प्रति वर्ष | २०००। |
| १३. | संस्थागत पेन्टर | प्रति वर्ष | ५००। |
| १४. | लेखापढी व्यवसाय | प्रति वर्ष | १०००। |
| **निर्माण व्यवसाय** | | | |
| १. | क श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १५०००। |
| २. | ख श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | १००००। |

| | | | |
|---|---|---|---|
| ३. | ग श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ८०००। |
| ४. | घ श्रेणीका निर्माण व्यवसायी | प्रति वर्ष | ५०००। |
| **उत्पादनमुलक उद्योग** | | | |
| १. | खाद्य उद्योग क बर्ग (अधिकृत पूँजी २५ लाख देखि माथि | प्रति वर्ष | ४०००। |
| २. | खाद्य उद्योग ख बर्ग (अधिकृत पूँजी १५ देखि २५ लाख सम्म | प्रति वर्ष | ३०००। |
| ३. | खाद्य उद्योग (अधिकृत पूँजी ५ देखि १५ लाख सम्म | प्रति वर्ष | २०००। |
| ४. | खाद्य उद्योग (अधिकृत पूँजी ५ लाख सम्म | प्रति वर्ष | १०००। |
| ५. | चिउरा उद्योग | प्रति वर्ष | १०००। |
| ६. | पाउरोटी उद्योग | प्रति वर्ष | १०००। |
| ७. | चाउमिन उद्योग | प्रति वर्ष | १०००। |
| ८. | मसला पिस्ने उद्योग | प्रति वर्ष | १०००। |
| ९. | सिमेन्ट उद्योग | प्रति वर्ष | १०००००। |
| १०. | सिमेन्टका ब्लग बनाउने २० ब्यालेटका रीङ,टायल आदी | प्रति वर्ष | १०००। |
| ११. | गार्मेन्ट तयारी पोशाक सहित कपडा बिक्रेता | प्रति वर्ष | २०००। |
| १२. | गलैचा उद्योग | प्रति वर्ष | ५०००। |
| १३. | डिस्टीलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने | प्रति वर्ष | ५००००। |
| १४. | मिनरल वाटर उत्पादन | प्रति वर्ष | ५०००। |
| १५. | स्टिलमेटलवाल कुलर, दराज, बाकसका साथै बिभिन्न औजार उपकरण उत्पादन गर्ने ईन्जीनियरीङ वर्क सप | प्रति वर्ष | ५०००। |
| १६. | ग्रिल, सटर, ट्रस बनाउने उद्योग | प्रति वर्ष | २०००। |
| १७. | ह्याचरी (चल्ला उत्पादन गर्ने) | प्रति वर्ष | २०००। |

| | | | |
|---|---|---|---|
| १८. | पशु पंक्षिको आहारा उत्पादन गर्ने | प्रति वर्ष | २०००। |
| १९. | गोवर ग्याँस कम्पनी | प्रति वर्ष | ५०००। |
| २० | दालमोठ उद्योग | प्रति वर्ष | १०००। |
| २१. | डेरी उद्योग<br>सिसा तथा आल्मुनियम पसल | प्रति वर्ष<br>प्रति वर्ष | १०००।<br>१०००। |
| २२ | पेट सप (घर पालुवा पशुपंक्षीको दाना/आहारा विकि<br>थोक<br>खुद्रा | <br><br>प्रति वर्ष<br>प्रति वर्ष | <br><br>२०००।<br>१५००। |
| २३ | बैंक तथा वित्तिय संस्थाको एटिएम बुथ | प्रति वर्ष | ५००। |
| २५ | डेन्टल क्लिनिक, आइ क्लिनिक | प्रति वर्ष | ५००। |
| २७ | ट्युसन सेन्टर | प्रति वर्ष | १०००। |
| २८ | वर्कसप<br>चार पाङग्रे<br>दुई पाङग्रे | प्रति वर्ष | <br>१५००।<br>१०००। |
| २९ | ड्राई क्लिनर्स | प्रति वर्ष | ५००। |
| ३० | डान्स ट्रेनिङ | प्रति वर्ष | ५००। |
| ३१ | रिकन्डिसन मोटरसाइकल बिकि | प्रति वर्ष | १०००। |
| ३२ | ज्योतिष परामर्श सेवा | प्रति वर्ष | ५००। |
| ३३ | इन्जिनियरको कन्सल्टेन्सी फर्म | प्रति वर्ष | १०००। |
| **मुलतःकृषि तथा वन पैदावारमा आधारित उद्योग व्यबसायमा** | | | |
| १. | काठ चिरान सम्बन्धित काम गर्ने स.मिल | प्रति वर्ष | ३०००। |
| २. | फर्निचर उत्पादन गर्ने पसल | प्रति वर्ष | २०००। |
| ३. | फर्निचर स्वरुम पसल | प्रति वर्ष | २०००। |
| **धान कुटने, गहुँ पिस्ने, तोरी पेल्ने उद्योग(मिल)** | | | |
| १. | ५ हर्ष पावर देखि २० हर्ष पावर सम्म | प्रति वर्ष | २०००। |

| | | | |
|---|---|---|---|
| २. | २० हर्ष पावर देखि माथी | प्रति वर्ष | ३०००। |
| **पानी घट्ट** | | | |
| १. | बाह्रै महिना चल्ने | प्रति वर्ष | ४००। |
| २. | नौ महिना चल्ने | प्रति वर्ष | ३००। |
| ३. | छ महिना चल्ने | प्रति वर्ष | २००। |
| ४. | तिन महिना चल्ने | प्रति वर्ष | १००। |
| **खनिज उद्योग** | | | |
| १. | खनिज/ उत्खनन वन प्रसोधन गर्ने उद्योग व्यवसाय | प्रति वर्ष | २०००। |
| **फोटो स्टुडियो** | | | |
| १. | कलरल्याव | प्रति वर्ष | २०००।- |
| २. | भिडियो मिकसिङगर्ने,सि.डी. तयार गर्ने | प्रति वर्ष | २०००।- |
| ३. | फोटो स्टुडियो | प्रति वर्ष | १०००।- |
| **पशु तथा कृषि व्यवसाय गर्ने** | | | |
| १. | कृषि तथा पशुपालन व्यवसाय व्यक्तिगत | प्रति वर्ष | ५००।- |
| २. | कृषि तथा पशुपालन व्यवसाय समुह | प्रति वर्ष | १०००।- |
| ३. | कृषि सामाग्री संस्थान वा बाहिरबाट रसायनिक मल बिउको विक्रेता | प्रति वर्ष | ५००।- |
| **अन्य पसल व्यवसाय** | | | |
| १. | सम्पूर्ण ईलेक्ट्रोनिक्स विक्री पसल | प्रति वर्ष | १०००।- |
| २. | टेन्ट तथा साउण्ड सिस्टम भाडामा दिने व्यवसायीहरु | प्रति वर्ष | १५००।- |
| ३. | हार्डवयर पसल<br>पानमा दर्ताको हकमा<br>भ्याटमा दर्ताको हकमा | प्रति वर्ष | <br>२०००।-<br>३०००। |

| | | | |
|---|---|---|---|
| ४. | साइवर संचालन गर्ने | प्रति वर्ष | १०००।- |
| ५. | मोबाईल ग्यालरी, मोबाईल सेट बिक्री तथा मर्मत | प्रति वर्ष | १०००।- |
| ६. | फ्रिज, कुलर, राइसकुकर आदी बिक्रि तथा मर्मत | प्रति वर्ष | १०००।- |
| ७. | रेडियो, टिभी, घडी, टेलिफोन सेट, बिद्युत सामाग्री मर्मत केन्द्र | प्रति वर्ष | १०००।- |
| ८. | इलेक्ट्रीकल सामानका साथै बिजुली बाट चल्ने उपकरण बिक्री तथा मर्मत पसल | प्रति वर्ष | १०००।- |
| ९. | पेट्रोल पम्प | प्रति वर्ष | ५०००।- |
| १०. | किराना पसल<br>किराना पसल टहरा<br>किराना थोक | प्रति वर्ष<br>प्रति वर्ष<br>प्रति वर्ष | ५००।-<br>२५०।<br>१०००। |
| ११. | गल्ला तथा खाद्यान्न पसल<br>ठुला<br>मध्यम | प्रति वर्ष | <br>२०००।-<br>१५००। |
| १२. | बिभिन्न सवारी साधनका पार्टस बिक्री गर्ने | प्रति वर्ष | १०००। |
| १३. | मोटर साइकल मर्मतका साथै सोका पार्टस बिक्री गर्ने पसल | प्रति वर्ष | १०००। |
| १४. | गाडीका टायर मर्मत तथा हावा भर्ने | प्रति वर्ष | ५००। |
| १५. | मोटर साइकल बिक्रेता | प्रति वर्ष | ५०००। |
| १६. | सोलार पावर बिक्री पसल | प्रति वर्ष | २०००। |
| १७. | अफसेट प्रेस भएका छापाखाना | प्रति वर्ष | २०००।- |
| १८ | साधारण छापाखाना | प्रति वर्ष | १०००।- |
| १९. | स्टेसनरी पसल | प्रति वर्ष | १०००।- |
| २०<br>. | ट्रान्सपोर्ट (ढुवानी सेवा) | प्रति वर्ष | २०००।- |
| २१. | व्यवसायिक व्यायामशाला | प्रति वर्ष | ५००।- |
| २२. | फ्याक्स, फोटोकपी सेन्टर, ईमेल ईन्टरनेट पसल | प्रति वर्ष | १०००। |

| | | | |
|---|---|---|---|
| २३. | कुरीयर सेवा | प्रति वर्ष | ५००।- |
| २४ | एफ.एम.रेडियो स्टेसन | प्रति वर्ष | १०००।- |
| २५. | व्युटिपार्लर,केश श्रृङगार्र आदी | प्रति वर्ष | ५००।- |
| २६. | हेयर कटिङ पसल | प्रति वर्ष | ५००।- |
| २७. | ढेबली व्यवसाय | प्रति वर्ष | ५००।- |
| २८ | भाँडाकुडा विक्रेता पसल | प्रति वर्ष | १०००।- |
| २९. | खेलौना उपहार तथा गिफ्ट विक्रेता | प्रति वर्ष | ५००।- |
| ३०. | केबुल नेटवर्क | प्रति वर्ष | २०००।- |
| ३१. | एग्रोभेट सेन्टर | प्रति वर्ष | १५००।- |
| ३२. | म्यानपावर कम्पनी शाखा कार्यालय | प्रति वर्ष | ५०००।- |
| ३३. | ईट्टा, ढुङ्गा उद्योग बिक्रि डिपो | प्रति वर्ष | २०००।- |
| ३४ | ग्याँस बिक्रेता | प्रति वर्ष | २०००।- |
| ३५. | ड्राई क्लिनर्स | प्रति वर्ष | ५००।- |
| ३६. | मोबाईल टावर शुल्क एनसेल | प्रति टावर प्रति वर्ष | १००००।- |
| ३७. | कपडा पसल | प्रति वर्ष | १०००।- |
| ३८. | सिलाई कटाई तालिम गराउने केन्द्र | प्रति वर्ष | ५००।- |
| ३९. | छालाका जुता चप्पल पसल | प्रति वर्ष | ५००।- |
| ४० | तरकारी फलफुल पसल | प्रति वर्ष | ५००।- |
| ४१ | रुई धुलाइ, कपडा पेल्ने, सिरक गद्धा निर्माण उद्योग र विक्रेता | प्रति वर्ष | २०००।- |
| ४२ | चस्मा विक्रि तथा मर्मत गर्ने पसल | प्रति वर्ष | ५००।- |
| ४३ | कपडा स्वरुम सहितको टेलरिङ्ग पसल | प्रति वर्ष | १०००।- |
| ४४ | आर्ट सेन्टर (फ्लेक्स प्रिन्ट) | प्रति वर्ष | १०००।- |
| ४५ | आर्ट सेन्टर साधारण | प्रति वर्ष | ५००।- |
| ४६ | फेन्सी पसल | प्रति वर्ष | १०००।- |
| ४७ | टेलरिङ पसल | प्रति वर्ष | ५००।- |
| ४८ | कवाडी पसल | प्रति वर्ष | २०००। |

| | | | |
|---|---|---|---|
| ४९ | पुजा पसल | प्रति वर्ष | ५००। |
| ५० | वेल्डिङ्ग तथा ग्रील पसल | प्रति वर्ष | १०००। |
| ५१ | होस्टल | प्रति वर्ष | १५००। |

## अनुसूची ५
## जडिबुटी, कवाडी, जीवजन्तु कर र कृषिजन्य कर

**क) नगरमा उत्पादन भै निकासी हुने देहायका मालवस्तुको कर**

| क.सं. | विवरण | ईकाई | आ.व.०७९/०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | बाँस | गोटा | ००।५० पैसा |
| २ | उत्तिस,सल्ला,टुनी लगायत अन्य सबै काठ (चट्टा, गोलिया,चिरान) | प्रति ट्रक<br>प्रति ट्याक्टर | रू.३०००।००<br>रू.१०००।०० |
| ३ | जुनसुकै खाद्यान्न (अनाज) | प्रति के.जी. | ००।२० पैसा |
| ४ | सुठो | प्रति के.जी. | रू ४।०० |
| ५ | अदुवा | प्रति के.जी. | ००।५० पैसा |
| ६ | मुलाका विउ/ तरकारीको बिउ/ केराउको बिउ | प्रति के.जी. | ००।२५ पैसा |
| ७ | भटमास/सिमि/चटनी गेडी | प्रति के.जी. | ००।५० पैसा |
| ८ | ताजा तरकारी (जुनसुकै) | प्रति के.जी. | ००।५० पैसा |
| ९ | सबै किसिमका फलफुल | प्रति के.जी. | रु १।०० |
| १० | घ्यु | प्रति के.जी. | रु ५।०० |
| ११ | सुकेको बेसार / सुकेको खर्सानी | प्रति के.जी. | ००।५० पैसा |
| १२ | काँचो बेसार/काचो खुर्सानी | प्रति के.जी. | ००।२० पैसा |
| १३ | कुखुरा र हाँस (चल्ला बाहेक) | प्रति गोटा | रु ५।०० |
| १४ | अन्डा | प्रति कार्टुन | रु १५।०० |
| १५ | लसुन,प्याज | प्रति के.जि. | ००।५० पैसा |
| १६ | भैसी, राँगा (व्यापारिक | प्रति गोटा | रु. १००।०० |

| | | | |
|---|---|---|---|
| | प्रयोजनको लागि मात्र) | | |
| १७ | खसी/बोका | प्रति गोटा | रु.२५।०० |
| १८ | दुध | प्रति लि. | ००।५० पैसा |

**ख) नगरबाट कानुनले निषेधित गरेका बाहेक मृत पशुका हाड, सिङ र खुर निकासी कर**

| | **विवरण** | **इकाइ** | **आ.व.०७९/०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| **१** | **हाड, सिङ र खुर** | **प्रति के.जी.** | **रु.५।००** |

**ग) वन उत्पादनमा नगरपालिकाबाट निर्धारित कर**

| **क्र.सं.** | **माल बस्तुको नाम** | **इकाई प्रति** | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १ | टिम्मुर (दोहोरो नपर्ने गरि) | प्रति के.जी. | रु.३।०० |
| २ | जडिबुटि सवै(प्रचलित बन नियमावलीमा तोकिएको) दोहोरो नपर्ने गरि | प्रति के.जी. | रु.३।०० |
| ३ | **खोटो** | प्रति के जी | रु.१।०० |
| ४ | रिठा | प्रति के.जी. | रु.००।२५ |
| ५ | कागति/ सुन्तला / टिम्मुरको विरुवा लगायत सबै किसिमका विरुवा | प्रति गोटा | रु. १।०० |

नगरबाट निकासी हुने कवाडीमा निर्धारित कर

| क्र.सं. | माल बस्तुको नाम | इकाई प्रति | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १ | खनिजजन्य बाहेकका सबै प्रकारका कवाडी | के.जी. | ००।२५ पैसा |
| २ | खनिजजन्य फलाम, तामा लगायत | के.जी. | रु. २।०० |

## अनुसूचि ६

**सवारी साधन दर्ता तथा नवीकरण**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | भाडाका कार, जिप, अटो | प्रति गोटा | १०००। |
| २. | बस,ट्रक | प्रति गोटा | १५००। |
| ३. | निजि कार, जिप तथा अन्य | प्रति गोटा | ७५०। |
| ४. | मोटर साईकल, स्कुटर तथा अन्य सवारी साधन | प्रति गोटा | २००। |
| ५. | हेभी ईक्विपमन्ट स्काभेटर | प्रति गोटा | १००००। |
| ६. | हेभी ईक्विपमन्ट डोजर जेसिबी | प्रति गोटा | ५०००। |
| ७. | मिनीवस | प्रति गोटा | ७००। |
| ८. | ट्रेक्टर | प्रति गोटा | ६००। |

## अनुसूची ७

**बिज्ञापन कर**

| क्र. सं. | **बिज्ञापन तथा होडिङ बोर्ड कर** | **ईकाई** | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | होडिङबोर्ड १० स्क्वायर फिट सम्मका लागी (जनहितमा जारी सन्देशमुलक बाहेक) | प्रति स्क्वायर फिट | ५० |
| २. | होडिङबोर्ड २० स्क्वायर फिट सम्मका लागी | प्रति स्क्वायर फिट | ४० |
| ३. | भित्ते लेखन | प्रति स्क्वायर फिट | २० |

## अनुसूची ८

**मनोरंजन कर**

| क्र. सं. | चलचित्र व्यवसाय | ईकाई | आ.व.२०७९।०८० को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | सिनेमा हल | प्रति | ५०००।- |
| २. | भिडियो हल,सांस्कृतिक प्रर्दशन हल,थिएटर,संगित तथा मनोरञ्जन स्थलका प्रवेश शुल्कमा मनोरञ्जन कर, मेला, महोत्सव | प्रति | ५% |
| ३. | जादु सर्कस,चटक आदिमा | प्रति दिन | १०००।- |
| ४. | परम्परागत जात्रा मेलामा जात्रा व्यबस्थापन समितिले उठाएको रकमबाट | प्रतिशत | ४०% |

-परम्परागत जात्रा मेलामा मेला/जात्रा व्यबस्थापन समिति गठन गर्दा नगरपालिकाको अनिवार्य अनुमति लिनुपर्नेछ ।

## अनुसूची ९

**विटौरी शुल्क**

| क्र. सं. | विवरण | ईकाई | आ.व.२०७९।०८० को स्वीकृत दर रेट |
|---|---|---|---|
| १ | आफनो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफुट मासिक वहाल विटौरी | प्रति वर्गफुट | १०० रुपैया |

## अनुसूची १०

**पार्किङ शुल्क**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | बस,ट्रक,ट्याक्टर, मिनि बस,माइक्रो | घण्टाको | १०।- |

| | | | |
|---|---|---|---|
| | बस,जिप,कार | | |
| २. | थप प्रति घण्टा | प्रति घण्टा | ५।- |
| ३. | मोटर साइकल प्रति घण्टा | प्रति घण्टा | ५।- |

## अनुसूची ११
## सेवा शुल्क दस्तुर

**पञ्जीकरण तर्फ (विलम्व दस्तुर)**

| क्र.सं. | विवरण | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता को विलम्ब शुल्क (४५ दिन पछि ) | २००।- |
| २ | व्यक्तिगत घटना प्रमाणपत्रको नक्कल दस्तुर | ५००।- |

**नेपाली तथा अंग्रेजीमा गरिने सिफारिस शुल्क**

| क्र.सं. | विवरण | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर सिफारिस | नि:शुल्क |
| २ | अपाङ्गता भएका व्यक्ति सिफारिस | नि:शुल्क |
| ३ | स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क |
| ४ | आगलागी भएको सिफारिस | नि:शुल्क |
| ५ | ज्येष्ठ नागरिकका लागि नाता प्रमाणित (सामाजिक सुरक्षा प्रयोजनको लागि) | नि:शुल्क |
| ६ | अंग्रेजीमा गरिने सबै सिफारिस | ५००।- |
| ७ | नागरिकता सिफारिस | नि:शुल्क |
| ८ | नागरिकता प्रतिलिपी सिफारिस | ३००।- |
| ९ | मुचुल्का सहितको नागरिकता सिफारिस | ३००।- |
| १० | अंगिकृत नागरिकता/गैर आवसीय | २०००।- |
| ११ | नाता प्रमाणित स्वदेश प्रयोजन | २००।- |
| १२ | नाता प्रमाणित विदेश प्रयोजन | ५००।- |
| १३ | पारिवारिक विवरण सिफारिस | २००।- |
| १४ | बसोबास प्रमाणित सिफारिस | ५००।- |
| १५ | नाबालक सिफारिस | १००।- |
| १६ | जन्म मिति प्रमाणित सिफारिस | २००।- |
| १८ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | ५००।- |

| | | |
|---|---|---|
| १९ | अविवाहित प्रमाणित सिफारिस | निःशुल्क |
| २० | व्यक्तिगत प्रमाणित सिफारिस | २००।- |
| २१ | चारित्रिक प्रमाणित सिफारिस | ५००।- |
| २२ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | ५००।- |
| २३ | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउसारी | २००।- |
| २४ | विद्युत मिटर जडान सिफारिस (घरायासी) | २००।- |
| २५ | विद्युत मिटर जडान सिफारिस (संस्थागत) | ३००। |
| २६ | विद्युत मिटर जडान सिफारिस थ्रि फेज | २०००।- |
| २७ | सबैखाले व्यवसाय, संघ सस्था, क्लव, ईस्टीच्युट आदी दर्ता सिफारिस | ५००।- |
| २८ | नाम थर जन्म मिति संशोधन सिफारिस | २००।- |
| २९ | पेन्सन सिफारिस | ५००।- |
| ३० | निजी बैंक स्थापना अनुमति सिफारिस (मुख्य कार्यालय) | १००००।- |
| ३१ | निजी बैंक स्थापना अनुमति सिफारिस (शाखा) | ५०००।- |
| ३२ | नागरिकता बाहेकको मुचुल्का सिफारिस | ५००।- |
| ३३ | पटके सिफारिस | ३००।- |
| ३४ | उजुरी दस्तुर | १००।- |
| ३५ | मिला पत्र दस्तुर | १०००।- |
| ३६ | टावर स्वीकृत सिफारिस | ५०००।- |
| ३७ | विदेश सिफारिस दस्तुर (अन्य) | १०००।- |
| ३८ | आम्दानी वा व्यय सम्पति प्रमाणीत | ०.२५५ प्रतिशत (मूल्याङ्कित रकमको) |
| ३९ | खानेपानी मुहान दर्ता | १०००। |
| ४० | खोटो निकासा सिफारिस दस्तुर प्रति गाडी | ५००।- |
| ४१ | जात्रा (परम्परागत बाहेक), महोत्सव दस्तुर | १०००।- |
| ४२ | कपाली तमसुक वडाबाट सिफारिस | ५००।– |

| | | |
|---|---|---|
| | गर्दा | |
| ४३ | काठ काट्ने सिफारिस दस्तुर | १०००। |
| ४४ | फर्म दर्ता सिफारिस मुचुल्का<br>फर्म दर्ता साधारण सिफारिस | ५००।<br>३००। |
| ४५ | अनुमति प्रदान सिफारिस | ५००। |
| ४६ | विदेश प्रयोजनका लागि विद्यार्थीको सिफारिस | १०००। |
| | सामुदायिक वन कर | वार्षिक आम्दानीको १० प्रतिशत |

**घरेलु तथा साना उद्योग सर्जमिन सिफारिस**

| | | |
|---|---|---|
| ४७ | ठुला उद्योग सिफारीस | ५०००।- |
| ४८ | मझौला उद्योग सिफरीस | २५००।- |
| ४९ | साना तथा घरेलु उद्योग सिफारीस | १०००।- |
| ५० | व्यवसाय बन्द तथा नाम परिवर्तन | ५००।- |
| ५१ | मदिरा व्यबसाय सिफारिस (खुद्रा) | १०००।- |
| ५२ | मदिरा व्यवसाय सिफारिस (थोक) | २०००।- |
| ५३ | उद्योग वडा सरजमिन सिफारिस | ५००।- |
| ५४ | पर्यटन स्तरीय होटल सिफारिस | २०००।- |
| ५५ | उद्योग नामसारी ठुलो | १५००।- |
| ५६ | उद्योग नामसारी मझौला | १०००।- |
| ५७ | उद्योग नामसारी सानो | ५००।- |
| ५८ | समिल तथा काठ चिरानी सिफारिस | १०००।- |
| ५९ | निर्माण व्यवसाय सिफारिस | ५०००।- |

**चारकिल्ला प्रमाणित**

| | | |
|---|---|---|
| ६० | चारकिल्ला प्रमाणित | ५००।- |

**ट्रेस नक्सा निर्माण तथा प्रमाणित दस्तुर**

| | | |
|---|---|---|
| ६१ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | २००।- |
| ६२ | ट्रेस नक्सा प्रमाणित प्रति कित्ता | १००।- |

**जग्गा नामसारी, किनबेच तथा मालपोत सम्बन्धि अन्य सिफारीस**

| | | |
|---|---|---|
| ६३ | राजिनामा,बकसपत्र सिफारीस | ५००।- |
| ६४ | अंश बन्डा सिफारिस | ५००।- |
| ६५ | नाम सच्याई सरजीमन सिफारिस | ३५०।- |
| ६६ | घर बाटो सिफारिस , बाटो प्रमाणित | ३००।- |

| | | |
|---|---|---|
| ६७ | जग्गा धनी पुर्जा प्रतिलीपी सिफारिस | ३००।- |
| ६८ | जग्गा दर्ता वा नामसारी सिफारिस | ५००।- |
| ६९ | घर नक्सा नामसारी | १०००।- |
| ७० | खोटोको राय सुझाव संकलन मुचुल्का सहित | ५००। |
| | | |

**फिल्ड दस्तुर**

| | | |
|---|---|---|
| ७१ | अमिन खटन दस्तुर प्रति कित्ता<br>थप प्रति कित्ता (एउटै व्यक्तिको हकमा ) | २५००।-<br>१५००। |

**जग्गा मुल्याङ्कन**

| | | |
|---|---|---|
| ७२ | एक लाख देखि १० लाख सम्म | २०००।- |
| ७३ | थप प्रति लाख | २००।- |
| ७४ | नक्सा पास । अभिलेख किताव | ५००।- |

**निजी बिद्यालय ठाउसारी/स्थान परिवर्तन**

| | | |
|---|---|---|
| ७५ | १–८ आधारभूत | १००००।- |
| ७६ | ९–१२ मा.वि. | २००००।- |

**संस्थागत बिद्यालय संचालन अनुमति (सिफारिस)**

| | | |
|---|---|---|
| ७७ | शिशु कक्षा संचालन दर्ता सिफारिस | ५००।- |
| ७८. | आधारभूतस्तर दर्ता सिफारिस | १०००-। |
| ७९. | मा.वि.स्तर दर्ता सिफारिस | २०००।- |

**घडेरी प्लटिङ ईजाजत तथा बाटोको लगत कट्टी**

| | **प्लटिङ ईजाजत दस्तुर** | **ईकाई** | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| ८०. | १ रोपनी सम्म | प्रति रोपनी | ५०००।- |
| ८१. | १ रोपनी भन्दा माथि प्रति रोपनि थप | प्रति रोपनी | २०००।- |

**विकास सेवा शुल्क( प्रति ऐलानी जग्गा उपभोग गर्नेहरु संग)**

| क्र.सं. | विवरण | ईकाई | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | राप्ती राजमार्ग आसपासका क्षेत्रमा व्यापार प्रयोजनमा | प्रति वर्ग मिटर | रु.१०।- |

| | | | |
|---|---|---|---|
| | प्रयोग भएका | | |
| २. | सि.नं. १ मा उल्लेखीत क्षेत्र बाहेक बागचौर नगरपालिकाका अन्य सबै क्षेत्रमा व्यापार प्रयोजनमा प्रयोग भएका | प्रति वर्ग मिटर | रु.८।- |
| ३. | बागचौर नगरपालिकाका सबै क्षेत्रमा आवादी तथा कृषि प्रयोजनमा प्रयोग भएका | प्रति रोपनि मिटर | रु.१०।- |
| ४. | ऐलानी जग्गामा बनेको बजार क्षेत्रको पक्की घर | प्रति कोठा | २००।– |
| ५. | ऐलानी जग्गामा बनेको बजार क्षेत्रको कच्ची घर | प्रति कोठा | १००।– |
| ६. | ऐलानी जग्गामा बनेको बजारक्षेत्रको घुम्टी पसल,टहरा | प्रति एकको | २००।– |

**नक्सा पास दस्तुर**

| | | | |
|---|---|---|---|
| १. | पक्की (RCC) प्रति वर्ग फिट | | ८।- |
| २. | नक्सा पास । अभिलेख दरखास्त फारम | | ५००।- |
| ३. | नक्सा पास लागु हुनु पूर्व वा नक्सा पास नगरी निर्माण भएका पक्की घरहरु नियमित(अभिलेख) गर्दा प्रति वर्ग फिट<br>बागचौर नगरपालिका वडा नं. २ का थारमारे बजार , बागचौर बजार र खरिबोट बजार क्षेत्रका पक्की घर प्रति वर्ग फिट<br>अन्य बजार क्षेत्रका घर प्रति वर्ग फिट<br>ग्रामिण क्षेत्रका पक्की घर प्रति वर्ग फिट | | ५।-<br>४।-<br>३।- |
| ४. | नक्सा नामसारी दस्तुर पक्की घरको प्रति वर्गफिट | | २।- |

**जरिवानाः–**

| | विवरण | | रकम ⁄ प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | बार्षिक कर,दस्तुर तथा शुल्क बुझाउन बिलम्ब | पहिलो वर्ष | १० % | |

| | | | | |
|---|---|---|---|---|
| | भएमा | बिलम्ब | | |
| | | दोस्रो बर्ष बिलम्ब | १५ % | |
| | | दोस्रो वर्ष पछि विलम्ब | २५ % | |
| | पुनश्चः बक्यौता असुल गर्दा साविकको दरमा नै हिसाव गरि असुल गर्ने | | | |
| २. | नक्सा पास नगरी निर्माण कार्य गर्नेलाई | एकमुष्ट रु | १००००।- | |
| ३. | जथाभावी फोहरमैला फ्याक्नेलाई | | रु.१००।- | |

**ढुंगा ,गिट्टी,बालुवा, ग्राभेल, स्लेट, रोडा निकासी शुल्क**

| | **विवरण** | **ईकाई** | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| **१** | टिपर | प्रति टिप | २५००। |
| **२** | मिनि ट्रक | प्रति टिप | १२००। |
| **३** | ट्याक्टर | प्रति टिप | ४०० । |

**ब्याक लोडर तथा हेभि उपकरण चालु आ.व.२०७८।०७९ का लागी स्वीकृत भाडा दर**

व्याक हो लोडर र टिपर जस्ता हेभि उपकरणको भाडा दर निर्धारणका लागि हेभि उपकरण संचालन कार्यविधि निर्माण गरी कार्यपालिकाले स्वीकृत गरे अनुसार र सोही कार्यविधिमा उल्लेख भए अनुसारको दररेटमा कार्यपालिकालाई भाडा उठाउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**नगरपालिकाले उपलब्ध गराएको सेवा बापत उठाउने कर दस्तुरको दर :**

| क्र.सं. | माल बस्तुको नाम | इकाई प्रति | **आ.व.२०७९।०८०को स्वीकृत दर रेट** |
|---|---|---|---|
| १. | मल्टिमिडिया | प्रति दिन | १०००।०० |
| २. | गैर सरकारी संघसंस्था | | १०००।- |

| | | | |
|---|---|---|---|
| | सिफारिस/दर्ता दस्तुर (बाल क्लव बाहेक) | | |
| ३. | आमा समूह तथा अन्य समूहसिफारिस (दर्ता) दस्तुर | | ५००।- |
| ४. | दातृ निकायबाट सञ्चालन हुने नगर बाहिर दर्ता भई नगरमा कार्य अनुमति दिदा ( एन.जि.ओ./आइ.एन.जि.ओ.) | | ३०००।०० |
| ५. | संघ,संस्था कार्य अनुभव सिफारिस | प्रति पटक | ५००।०० |
| ६. | **संघ संस्था नवीकरण सिफारिस दस्तुर**<br>क) ३५ दिन भित्र<br>ख) भदौ मसान्त सम्मकोलागी<br>ग) असोज मसान्तसम्मकोलागि<br>घ) पौष मसान्तसम्मको लागि<br>ङ) आषाढ मसान्तसम्को लागि | | ५००।००<br>६००।००<br>८००।००<br>१०००।००<br>२०००।०० |
| ७. | भिडियो क्यामरा प्रयोग गरे वापत | प्रति दिन | १०००।०० |

## अनुसूची १२

**बजार सफाई व्यवस्थापन सहयोग शुल्क**

| क्र.सं. | विवरण | ईकाई | आ.व.२०७९।०८०को स्वीकृत दर रेट |
|---|---|---|---|
| १. | घरायसी तथा साना खुद्रा पसल | प्रति महिना | रु. ५०। |
| २. | तरकारी पसल, थोक विक्रेता, विद्यालय, क्याम्पस, होटेल, रेस्टुरेन्ट, एग्रोभेट, हार्डवेयर, मेडिकल, हस्पिटल प्रा.लि., बैंक, वित्तिय संस्था,उद्योग | प्रति महिना | रु. १००। |
| ३ | मासु पसल | प्रति महिना | रु १५०। |

आज्ञाले

रामबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत